**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २३ अक्तूबर २०२४

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

१. बंगालको खाड़ीमा उत्पन्न समुन्द्री तुफानको मध्यनजर पश्चिम बंगालको तटीय दक्षिणी भागका ट्रेनहरू भोली रातिदेखि बन्द रहनेछ। चौबीस परगना, कोलकाता , हावड़ा , हुगली लगायत ६ जिल्लाहरूमा विध्यालयहरू पनि बन्द रहनेछ।
२. दार्जीलिङ घुम्न आएको एक पर्यटकहको मृत्यु। जीटिए को पददमा शवलाई सिलगड़ीमा पुऱ्याईयो।
३. सलेशियन कलेज सोनादाको पत्रकारिता विभागले बनाएको उक्युमेन्ट्री 'कार्यशाला' डनबस्को ग्लोबल युवा फिल्म फेस्टिबलमा तेस्रो स्थन प्राप्त गरेको छ।
४. कालेबुङमा आज देखि गोर्खा सांस्कृतिक खाध्य उत्सव शुरू भएको छ।
५. जयगावँमा एउटी ७ वर्षीय बालिकाको बलात्कार र हत्याले इलाकामा तनाव उत्पन्न भएको छ।

**<u>ट्रेन रद्ध</u>**

बंगालको खाड़ीमा उठेको चक्रवात 'दाना' को खतराको मध्यनजर सुरक्षाको हिसाबले राज्यमा रेलवेले धेरै ठूलो पाइला उठाएको छ। विशेष गरी तथ्टीय क्षेत्रहरूमा धेरै सावधानी राखिन्दैछ ताकि रेलवे र यात्रीहरूको सुरक्षा सुनिश्चित गर्न सकियोस रेलवे सूत्र अनुसार पूर्व रेलवेको सियालदह स्टेशनबाट भोली राति आठ बजे पछि कुनैपनि लोकल ट्रेन चल्ने छैन। यस्तै प्रकारले हसनाबाद नामखाना स्टेशनबाट सियालदहको निम्ति कुनै ट्रेन चल्नेछैन यो दिशा-निर्देश भोली राति आठ बजे देखि शुक्रबार बिहान १० बजेसम्म रहनेछ। भोली अबेर रीति या शुक्रबार बिहान पुरी र साागर द्वीप बीच 'दाना' चक्रवात ठोकिन सक्छ। यसैबीच पुरी जाने सबै ट्रेन रद्ध गरिएको छ। दक्षिण भारतमा चल्ने लगभग सबै ट्रेन प्रभातिव हुने आशंका छ। रेलवे सुत्र अनुसार हावड़ा शालीबार र सातरा गाछबाट कुल पच्यासी वटा लामो दूरीको ट्रेन रद्ध गरिएको छ। जबकि डाउन लाइनदेखी आउने तिरानब्बे ट्रेन पनि रद्ध गरिएको छ।यी रद्ध गरिएको ट्रेनमा धेरै सुपर फास्ट एक्सप्रेस शामेल छन् जसको संचालन हालैमा स्थगित गरिएको छ। यसैका मध्यनजर राज्यकी मुख्यमंत्री सुश्री ममता व्यानर्जीले आज नवान्नमा एक प्रेस विज्ञप्तीलाई सम्बोधन गर्नुहुँदै भन्नुभये चक्रवात दाना को खतराको मध्यनजर राज्यका ६ जिल्लाहरू उत्तर र दक्षिण २४ परगना, पूर्व मेदिनीपुर , कोलकाता, हावड़ा हुगली , बाकुड़ा पश्चिम मेदिनीपुर र झारग्रामका सबै शैक्षिक संस्थानहरू भोलीबाट २६ अक्टुबरसम्मको लागि बन्द रहने घोषणा गर्नु भएको छ।

****** ० ******

**दार्जीलिङ- पर्यटक मृत्यु**

दार्जीलिङ घुम्न आएका कलकत्ताका ६५ वर्षीय पर्यटक अशोक साधुकारको हिजो लामाहट्टा नजिकै मृत्यु भएको छ। उनी परिवारको साथमा गत २० अक्टोबर को दिन दार्जीलिङ आएका थिए ँ घटनापछि दार्जीलिङ जिल्ला प्रशासन र महकुमा कार्यालयको तत्परतामा पर्यटकको शवलाई दार्जीलिङ जिल्ला अस्पतालसम्म पुर्याउन मृतकको परिवारलाई सहयोग गरिएको बताइएको छ। आज दार्जीलिंग जिल्ला अस्पतालमा शवको पोस्ट मार्टम गरेपछि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनले शवलाई शवलाई परिवारसहित माटिगाडासम्म पुर्याउने व्यवस्था गरिदिएको अनि माटिगडाबाट दार्जीलिङ जिल्ला प्रशासनले कलकतासम्म पुर्याउने जिम्मा लिएको जीटीए सभाका डेप्युटी चेयरमेन राजेश चौहानले जानकारी गराउनु भएको छ।

****** ० ******

**<u>बङ्गाल उपचुनाव- पुलिस बल</u>**

पश्चिम बंगालको ६ वटा विधानसभा सीटहरूको उपचुनावमाए केन्द्रीय सशस्त्र पुलिस बलको अधिकतम तैनाथ बांकुरा जिल्लाको तालडांगरा विधानसभा क्षेत्रमा गरिनेछ। निर्वाचन आयोगका एक अधिकारी अनुसार यी ६ वटा विधानसभा क्षेत्रमा 89 कम्पनीको प्रारम्भिक तैनाथीको काम 25 अक्टोबरसम्म पूरा गरिनेछ ए जसमध्ये 18 वटा कम्पनी तालडांगराका लागि छुट्याइएको

छ। केन्द्रीय सशस्त्र पुलिस  बलका १६ कम्पनीहरू कुचबिहार जिल्लाको सिताई र पश्चिम मिदनापुर जिल्लाको मेदिनीपुर सीटहरूमा तैनाथ गरिनेए  जुन दोस्रो ठूलो तैनाथी हुनेछ। यसरी नाइँ   उत्तर २४ परगना जिल्लाको हरोआ सिटमा १५ कम्पनी,अलीपुरद्वार जिल्लाको मदारीहाट सीटमा १४ कम्पनी तैनाथ गरिनेछन्। उत्तर २४ परगना जिल्लाको नैहाटी विधानसभा सीटमा केन्द्रीय सशस्त्र पुलिस बलको न्यूनतम तैनाथी हुनेछ। यी 89 कम्पनीमध्ये सीमा सुरक्षा बलको 30 कम्पनीए  केन्द्रीय रिजर्भ पुलिस  बलको  २४ कम्पनीए  केन्द्रीय औद्योगिक सुरक्षा बलको  12 कम्पनी ए  सशस्त्र सीमा बलको  13 कम्पनी अनि  १० कम्पनी इन्डो-तिब्बत सीमा पुलिसका हुनेछन्। यी ६  विधानसभा सीटहरूमा आगामी  १३  नोभेम्बरको दिन  मतदान हुनेछ भने  २३  नोभेम्बरमा  मतगणना हुनेछ।

****** ० ******

**संगीता थापा**

गत १६  अक्टूबरको दिन असमको राजधानी गुवाहटीको आई.टी.ए मकाउमा स्पार्क संस्थानद्वारा आयोजित सुश्री र श्रीमति पूर्वोत्तर भारत सुन्दरी प्रतियोगितामा श्रीमति वर्गको समूह "बी" ३५  वर्ष अनि  त्यस भन्दा माथिको विवाहित सुन्दरी वर्गमा आकाशवाणी खर्साङ्गकी कर्मचारी   श्रीमति संगिता थापा विजयी बनेकी छिन्। उनलाई प्रसिद्ध बलीवुड अभिनेत्री महिमा चौधरीले सुन्दरी मुकुटए   ट्रफीए  स्मृति चिन्ह र उपहार आदि प्रदान गर्नु भयो। अन्तिम चरणको यस प्रतिस्पर्धामा श्रीमति सुन्दरी श्रेणीको समूह "ब" मा ८  प्रतियोगिहरू फाइनलमा पुगेकी थिइन। श्रीमति संगिता थापालाई मोडेल आफ २०२४  एवार्ड पनि प्रदान गरियो।  यस अभूतपूर्व उपलब्धिका लागि श्रीमति थापालाई आकाशवाणी खर्साङ्गले बधाई र शुभकामना दिएको छ।

****** ० ******

**बिजनबारी आगलागि**

दार्जिलिङ पुलबजार खण्ड अन्तर्गत पुल बिजनबारी ग्राम पञ्चायतको  राराकोलोनी नजिक राम सापकोटाको घर आज बिहान जलेर खरानी भएको जानकारी  प्राप्त भएको छ। आगलागीको ठोस कारण पत्तो नलागेको भए पनि आगलागीमा परि सम्पुर्ण सरसमान जलेर खरानी भएको बताइएको छ। अर्कोतिर आगलागीको खबर पाएपछि  प्रशासन अनि अग्नि समन विभागले स्थलगत भ्रमण गरि आवस्यक छानबिन शुरु गरेको बताइएको छ।

****** ० ******

**अयोध्या सम्मेलन र श्री अध्योध्या दर्शन**

नेपाली संस्कृति परिषदले आगामी १३, १४ र १५ दिसम्बरको दिन उत्तर प्रदेशको तीर्थ नगरी अयोध्यामा १७ औं अर्न्तराश्ट्रिय सम्मेलन आयोजित गर्नेछ। भारतका प्रायः १६ राज्यहरू , नेपालका सात प्रदेश अनि भूटान र अन्य देशहरूमा लगभग ५०० प्रतिनिधिहरूले यसमा भाग लिने जानकारी संस्थाकी प्रचार प्रमुख रोशनी छेत्रीले दिएकी छनू। यसका लाग्रि भारत र नेपालमा विशेष तैयारीहरू पनि गरिन्दैछ।यस सम्मेलनमा अयोध्याको नवनिर्मित श्री राम मन्दिर तथा श्री अयोध्यार तीर्थक्षेत्र दर्शनको कार्यक्रम पनि रहेको छ। यस सम्मेलनमा कतिपय अति विशिष्ट व्याक्तिहरू , वरिष्ठ सन्तहरूको पनि उपस्थिति रहनेछ। सम्मेलनमा नेपाली समाजको समृद्ध सांस्कृतिक झलकहरू पनि प्रदर्शित गरिनेछ।यस सम्मेलनमा सहभागिता गर्न चाहनेहरूले ५ नोभेम्बर सम्म पंजीकरण गराउनु पर्ने संस्थाका महासचिव संस्कृति विभाग शैलेश गुरूङले जनाएका छनू।

****** ० ******

**पीएम मोदी- सी जिम्पिंग**

रुसको काजानमा  ब्रिक्स शिखर सम्मेलनका क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग द्विपक्षीय भेटवार्ता गरिरहनु भएको छ । दुवै देशले वास्तविक नियन्त्रण रेखा नजिकका क्षेत्रमा निगरानी प्रणालीका विषयमा सहमति गरिनेबीच यो बैठक महत्वपूर्ण छ। पछिल्लो पाँच वर्षमा प्रधानमन्त्री नरेन्द्र  मोदी र चिनियाँ राष्ट्रपतिबीचको यो पहिलो औपचारिक बैठक हो।

****** ० ******

**आरएसएस एक सय वर्ष**

आगामी विजया दशमीको दिन राष्ट्रिय स्वयम सेवक संघको स्थापनाको १०० वर्ष पूरा हुनेछ। जसका लागि आगामी २५ अनि २६ अक्टोबरको दिन संघको कार्यकारी मण्डलको बैठक मथुरामा हुने भएको छ ।बैठकमा आरएसएस प्रचार प्रमुख सुनिल अम्बेकरले बैठकले संघको शताब्दी वर्षमा आफ्नो कार्यलाई विस्तार गर्ने योजनासहित अहिलेसम्म गरेका कामको समीक्षा गर्ने बताउनु भएको छ। उहाले आगामी विजयादशमी पर्व स्वयंसेवकका लागि महत्वपूर्ण रहेको र यसका लागि नागपुरलगायत देशभर विभिन्न कार्यक्रम आयोजना गरिने भएकोले त्यसका लागि पनि बैठकमा व्यापक छलफल हुने बताउनु भएको छ । शताब्दी वर्ष मनाउन बृहत् सम्पर्कए साहित्य वितरण र कार्यक्रमहरू सञ्चालन गरिनेछ।

****** ० ******

**सलेशियन कलेज**

सलेशियन कलेज सोनादाको जनसञ्चार तथा पत्रकारिता विभागले आज कलेज ओडिटोरियममा "कम्शोला" डकुमेन्ट्रीको प्रदर्शन गरेको छ । जनसञ्चार तथा पत्रकारिता विभागका विद्यार्थीहरूले निर्माण गरेको यो डकुमेन्ट्री फिल्मले डन बोस्को ग्लोबल युथ फिल्म फेस्टिभलमा तेस्रो स्थान प्राप्त गरेको छ। यो दुई दिवसीय महोत्सव १७ अनि १८ अक्टोबर न्यु योर्कमा आयोजन भएको थियो। कम्शोलाले विश्वभरबाट आएका १ हजार २ सय ८७ चलचित्रहरू मध्ये तेस्रो स्थान प्राप्त गरेको हो। यस चलचित्रमा १७ वर्षीय वातावरणीय उत्साही कम्शोला राईको यात्रालाई दर्शाएको छ । सोनादा नजिकको गोराबारी गाउँको मनमोहक दृश्यमा आधारित यस चलचित्रले कम्शोलाको जीवनको चित्रण गरेको छ। जसमा विद्यार्थीहरूले १००० युरो पुरस्कार राशी जितेका छन्। फिल्म क्रूमा अञ्जना राई (निर्देशक)ए रौनक लामा (एडिटर)ए भास्कर राई अनि जस्टिन बास्केले सिनेमाटोग्राफीए रेक्स नायक (सहायक क्यामेरापर्सन)ए याङ्चेन रामदसो (नर्रेशन)ए सामेल थिए।

****** ० ******

**गोर्खा संस्कृतिक- खाद्य उत्सव**

गोर्खा गौरव संस्थानको आयोजनामा कालेबुङको मेला टारमा तेस्रो गोर्खा संस्कृतिक प्रदर्शनी अनि खाद्य उत्सवको उद्घाटन गरियो। पाँच दिवसीय उत्सवको समापन आगमी २७ अक्टोबरमा हुनेछ। गोर्खा सांस्कृतिक संरक्षण समितिका संस्थापक सदस्य मिङ लिवाङको बाहुलीबाट रिबन काटेर उत्सवको उद्घाटन गरियो। यस उत्सवको मुख्य उद्देश्य गोर्खा जातिको भाषाए साहित्यए संस्कृतिए परम्परा, भेष भूषाको संरक्षण र सम्वर्द्धन गर्नु रहेको संस्थानका संयोजक प्रण्य गुरूङले बताउनु भएको छ।

****** ० ******

**जयगांव बालिका हत्या**

अलीपुर जिल्लाको भारत- भूटान सीमानामा रहेको जयगावंमा एउटी सात वर्षीया बालिकाको बलात्कार र हत्याको मामिला प्रकाशमा आएको छ।यस घटनाले इलकाामा तनाव उत्पन्न भएको छ। विरोधी दल बीजेपी का सांसद, विधायक , पंचायत र अन्य नेताहरूले आज पीड़ित परिवारसित भेटने कार्यक्रम बनाएका थिए। तर पुलिसले बीजेपी का नेताहरूलाई पीड़ित परिवारको घरसम्म जन नदिएको गम्भीर आरोप भाजपा युवा मोर्चाका राष्ट्रिय सचिव अनि दार्जीलिङका लोकसभा सांसद राजु विष्टले लगाएका छन्। राजु विष्टले पश्चिम बंगालको ममता सरकारमा महिला र बालिकाहरू सुरक्षित नरहेको भन्दै राज्य भरी दिनँहू कतै न कतै यस्ता हत्या र बलात्कारका जधन्य घटनाहरू घटिरहेको बताउँदै राज्याम पुलिस प्रशासन विफल भएको छ र टिएमसी को कठपुतली बनेको आरोप लगाउनुभयो। यस काण्डमा एक जनालाई पक्राउ गरिएको छ भने अन्य दुई अझै भागिहिड़ेका छन्।

****** ० ******